जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २२८ २०८३ साल वैशाख २ गते बुधबार (15 Apr 2026 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : २०८२ सालको खेलकुदलाई ... ३ पृष्ठमा : जलवायुजन्य जोखिम ... ३ पृष्ठमा : अमेरिका-इरान वार्तामा ...

## विभिन्न मुद्दाका १४ जना फरार प्रतिवादी पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १ वैशाख ।**

सप्तरी प्रहरीले अदालको फैसला कार्यान्वयन गर्ने शिलशिलामा विभिन्न मुद्दाका १४ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा घरेलु हिंसाका १०, कुटपिटका दुई, जालसाजीका एक र चेक अनादर मुद्दाका एक जना गरी १४ जना प्रतिवादीहरु रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार सप्तरी जिल्ला अदालतबाट घरेलु हिंसा मुद्दामा अग्निसाईर कृष्णसावरण गाउँपालिका २ का रामकुमार चौधरी र नवीन कुमार चौधरीलाई तीन महिना कैद र १० हजार जरिवना, सोही ठाउँका बसन्त चौधरी, सूर्यनारायण सिंह, हिरन चौधरी, सुर्यनारायण चौधरी, विवेक पौडेल, उर्मिला चौधरी, विवेक पौडेल, नारायण चौधरी र रामसागर चौधरीलाई जनही तीन हजार जरिवाना तोकिएको थियो ।

यस्तै कुटपिट मुद्दामा साविक १ नं. जोगिनियाँ १ का रामप्रसाद मुखियालाई ७२ रुपैयाँ र विनोद मुखियालाई ९६ रुपैयाँ जरिवाना भएको प्रहरीले जनाएको छ ।

मुद्दामा अदालतबाट तोकिएको जरिवाना पश्चात फरार रहेको १४ जना प्रतिवादीहरुलाई पक्राउ गरी सोमबार सप्तरी जिल्ला अदालतमा दाखिला गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक विजय कार्कीले जानकारी दिए ।

## कोशीमा नुहाउने क्रममा युवकको डुबेर मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १ वैशाख ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकास्थित कोशी नदीमा नुहाउने क्रममा एक युवकको डुबेर मृत्यु भएको छ ।

नगरपालिकाको वडा नं. १ स्थित कोशी ब्यारेजदेखि करिब एक किलोमिटर उत्तरतर्फ सप्तकोशी नदीको बाँध क्षेत्रमा मंगलबार नुहाउने क्रममा सोही ठाउँका वडा नं. ३ पोर्ताहा घर भएका २० वर्षीय रितेश यादवको मृत्यु भएको हो ।



साथीसँग नुहाउन गएका उनी अचानक डुबेर बेपत्ता भएपछि घटनाबारे सुरक्षा बेस भारदहमा खबर गरिएको थियो ।

प्रहरीले खबरपाएपछि सुरक्षा बेस भारदहबाट ७ जना र इलाका प्रहरी कार्यालय भारदहबाट ७ जनाको संयुक्त टोलीले खोजी कार्य सुरु गरेकोमा कोशीनदीमा नुहाएको स्थानबाट १० मिटर दक्षिणतर्फ करिब १२ फिट गहिराइमा डुबिरहेको अवस्थामा रितेशको शव फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक विजय कर्कीले जानकारी दिए ।

शवलाई पानीबाट बाहिर निकालेर आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

## सलहेश फूलबारीमा भक्तजनको घुइँचो

सिरहा, १ वैशाख (रासस) ।

सिरहाको प्रसिद्ध ऐतिहासिक तथा धार्मिकस्थल सलहेश फूलबारीमा मंगलबार नयाँ वर्ष २०८३ को अवसरमा भव्य मेला लागेको छ ।

हरेक वर्ष वैशाख १ गते मात्र फुल्ने विश्वास गरिने दुर्लभ सुनाखरी फूलको दर्शन गर्न र पूजाअर्चना गर्न मंगलबार बिहानैदेखि श्रद्धालुहरूको घुइँचो लागेको छ । लहान नगरपालिका-१२ र २२ मा फैलिएको करिब नौ बिघाको यस फूलबारीमा रहेको हारमको रूखमा मंगलबार बिहानैदेखि सुनाखरी फूल ढकमक्क फक्रिएको छ । १४औँ शताब्दीका लोकनायक राजा सलहेश र उनकी प्रेमिका मालिनीको प्रेमको प्रतीक मानिने यो फूल हेर्न नेपालका विभिन्न जिल्लाका साथै सीमावर्ती भारतीय सहरहरूबाट हजारौँको सङ्ख्यामा भक्तजनहरू आइपुगेका छन् ।



मेला व्यवस्थापन समितिका अध्यक्ष दशमीलाल चौधरीका अनुसार बिहान ४:०० बजेदेखि नै मन्दिरमा पूजा गर्नेहरूको लामो लाइन लागेको छ । तराईको पासवान समुदायका इष्टदेव मानिने राजा सलहेशको पूजा गर्दा मनले चिताएको पुग्ने, निःसन्तानहरूलाई सन्तान प्राप्ति हुने तथा विभिन्न रोगव्याधिबाट मुक्ति मिल्ने धार्मिक विश्वास रहेको छ ।

भक्तजनको अत्यधिक चापलाई व्यवस्थापन गर्न मेला क्षेत्रमा सुरक्षा व्यवस्था निकै कडा पारिएको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले भीडभाड नियन्त्रणका लागि गस्ती बढाएका छन् भने सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै सादा पोसाकका प्रहरी र 'सिसीटिभी क्यामेरा'बाट समेत निगरानी भइरहेको छ ।

अत्यधिक भीडका कारण यातायात र हिंडडुलमा

*बाँकी अन्तिम पृष्ठमा*

## लागुऔषधसहित दुई जना नियन्त्रणमा

**दैनिक समाचारदाता**
**राजविराज, १ वैशाख ।**

सप्तरी प्रहरीले लागुऔषधसहित दुई जना युवकलाई नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेमा सुरुङ्गा नगरपालिका वडा नं. २ हर्दिया टोलका १८ वर्षीय राजेश पासमान र सोही नगरपालिका वडा नम्बर ३ कनकपुरका १६ वर्षीय मंदिप विक छन् ।

मोटरसाइकल चालक सुरुङ्गा ३ लक्ष्मीपुरस्थित भित्री सडक खण्डमा सोमबार चेकजाँचका क्रममा भुसि महलियाबाट लक्ष्मीपुर सिंहटोलतर्फ जाँदै गरेको स.७ प.१८०७ नम्बरको मोटरसाइकल रोकी जाँच गर्दा लागुऔषध बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक विजय कर्कीले जानकारी दिए ।

मोटरसाइकल चालक राजेश संगै पछाडि सवार मंदिप विकले बोकेको रातो प्लास्टिकको झोलाभित्रबाट करिब १५० ग्राम गाँजा र २४ पिस नाइट्राजेपाम ट्याब्लेट फेला परेको उनले बताए ।

बरामद लागुऔषध तथा मोटरसाइकलसहित दुबै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

## घातक विषादी नियन्त्रणमा कडाइ गर्न स्थानीय तहलाई अनुरोध

काठमाडौँ, १ वैशाख (रासस) ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तरकारी तथा फलफूलमा अनियन्त्रित रूपमा प्रयोग भइरहेका घातक र प्रतिबन्धित विषादी नियन्त्रणका लागि देशभरका स्थानीय तहलाई अनुरोध गरेको छ ।

हालैका दिनमा विभिन्न सञ्चार माध्यममा आएका समाचार र सरोकारवाला निकायको सूचनालाई आधार मान्दै मन्त्रालयले मानव स्वास्थ्य र वातावरणीय सन्तुलनमा गम्भीर खतरा देखिएको भन्दै उक्त कदम चालेको हो ।

मन्त्रालयको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखाले सबै स्थानीय तहहरूलाई सोमबार पत्राचार गर्दै पाँच बुँदे पत्र जारी गरेको छ । नेपालको संविधानले कृषि तथा कृषि उत्पादन व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई सुम्पिएकाले जनताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको यो विषयमा स्थानीय सरकारको भूमिका निर्णायक हुने जनाइएको छ ।

**राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं !**

"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"

- आर्थिक गणना किनः देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्याङ्क प्राप्त गर्न,
- गणना अवधिः २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,
- कसलाई समेट्नेः सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू।

तथ्याङ्क ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ।

सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

